# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७५।१२।१२ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

भक्तपुर जिल्ला, चाँगुनारायणस्थित नेपाल इन्जिनियरिङ कलेजको स्वामित्त्व विवादका सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको विचाराधीन उजुरीलाई मिलाई दिने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगका तत्कालीन आयुक्त राज नारायण पाठकले सो कलेजका सञ्चालक भनिएका लम्बोदर कुमार न्यौपानेबाट रू.७८,००,०००/-(अक्षेरूपी अठहत्तर लाखमात्र) रिसवत लिएको भनी संचार माध्यमहरुमा प्रकाशित समाचारहरुलाई उजुरीका रुपमा दर्ता गरी सो उजुरीका सम्वन्धमा अनुसन्धान हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका तत्कालिन आयुक्त राज नारायण पाठकले आफ्नो पदीय आचरण विपरीतको कार्य गरी आयोगमा विचाराधीन रहेको जिल्ला भक्तपुर, चाँगु नारायणस्थित नेपाल इन्जिनियरिंग कलेजको स्वामित्व विवादसम्वन्धी उजुरी मिलाई दिने भनी उक्त कलेजका संचालक भनिएका लम्बोदर कुमार न्यौपानेले दिएको रु. ७८ लाख घुस रिसवत लिएको अनुसन्धानका क्रममा आयोगलाई प्राप्त श्रव्य दृश्य सामग्रीहरुबाट समेत पुष्टि भएको देखिंदा उक्त कार्यमा संलग्न देहाय बमोजिमका व्यक्तिहरुउपर देहाय बमोजिमको मागदावी लिई विशेष अदालत, काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

साथै यसै प्रकरणसँग जोडिएका राज नारायण पाठकका भाइ शुभ नारायण पाठकले रिसवत लिएको भनिएको रु.१५ लाख नेपाल इन्जिनियरिंग कलेजसंग सम्वन्धित नरहेकोले निजले रिसवत लिएको भनिएको उक्त रु. १५ लाख नयाँ कलेज सम्वन्धनका लागि लिएको भन्ने सम्वन्धमा छुट्टै थप अनुसन्धान गर्ने निर्णयसमेत गरिएको छ।

| सि.न | नामथर | पद | कार्यालय | बिगो | सजायको मागदाबी |
|---|---|---|---|---|---|
| १. | राज नारायण पाठक | तत्कालीन आयुक्त | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | रु.७८,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.७८,००,०००।- कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम जरिवाना र कैद सजाय हुन तथा निज राज नारायण पाठकले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्त पदमा वहाल रहेकै अवस्थामा कसुर गरेको देखिँदा निजउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिमको थप सजाय हुन समेतको मागदावी । |
| २. | लम्वोदर कुमार न्यौपाने | कलेजका सञ्चालक भनिएका | नेपाल इन्जिनियरिङ कलेज चाँगुनारायण | रु.७८,००,०००।- | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिमको कसुरमा बिगो रु. ७८ लाख कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम सजायको मागदावी । |

(प्रदीपकुमार कोइराला)

प्रवक्ता